अगाडकिो आवरण पृष्ठ

# सुरज र ढुकुर




लेखक: छबि चौँलागाई

तह ५, कक्षा २

नेपाली




सुरज जाडो बदिामा मामाघर हीँडे। उनको मामाघर १ घण्टा टाढा छ। बाटोमा खोला र पुल पनि तर्नुपर्छ।



बाटोमा खोला र डुङ्गा देखियो।


उनी डुङ्गा तरेर पारि गए।



केही माथि पुगेर चौतारीमा बसे। चौतारीको छेउमा एक्कासी ढुकुरलाई देखे।



ढुकुर भाग्न नसकेर फट्फटाउँदै थियो। सुरजले घाइते ढुकुर साथमै बोकेर हिँडे।



हिँडदै जाँदा उनले अस्पताल देखे। उनले ढुकुरको उपचार गर्‌ने वचिार गरे।









डाक्टरलाई उनले ढुकुरको उपचार गर्न भने। डाक्टरले ढुकुरलाई औषधी लगाइदिए। सुरजले डाक्टरलाई धन्यवाद दिए।



उपचारपछि ढुकुर निको भयो।
सुरजले ढुकुरलाई छोडदिए।
ढुकुर भुर्रर उडेर गयो।





ढुकुर बाँचेर उडेकोमा सुरज खुसी भए। उडेको ढुकुर परपुग्दा सम्म हेररिहे।




उनी फटाफट अगाडि बढे।

बाटोको छेउबाट मामाघर देखियो। मामाघर माथिको हिमाल पनि देखियो।



सुरज छट्टै मामाघर पुगे। मामा माइजूलाई नमस्कार गरे।



सुरजले ढुकुर बचाएको कुरा मामाघरमा सुनाए। मामा माइजूले धन्यवाद भन्नुभयो।

शीर्षक पृष्ठ

सुरज र ढुकुर

Images on pages Front Cover, ४, ८, ८, १० by International Illustrations: The Art Of Reading 3.0, © 2009 SIL International. CC-BY-ND 3.0.

Images on pages १, २, ३, ५, ६, ६, ७, ९, ११ by © 2019 World Education.

तहगत, तह ५

This book has been developed under the Enabling Writers Project with the support of the Curriculum Development Centre-Ministry of Education, Science and Technology Nepal, Language Commission- Government of Nepal, Samunnat Nepal and World Education.

नेपालीNepal

श्रेय पृष्ठCopyright © 2019, Enabling Writers Project - World Education-Nepal

http://creativecommons.org/licenses/by/4.0/तपाईंले यस रचनालाई व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न पाउनुहुन्छ। तपाईंले यस रचनालाई समायोजन गर्न वा यसमा आफ्नो तर्फबाट थपथाप गर्न पाउनुहुन्छ। तपाईंले लेखक, चित्रकार, इत्यादिको प्रतिलिपि अधिकार सूचना र नाम राख्नुपर्छ।

अगाडिको आवरण पृष्ठको भित्रिपट्टी

यस पुस्तकको बारेमा: नेपाली भाषामा तयार गरिएको यो पुस्तक कक्षा २ मा अध्ययनरत भाइबहिनीहरूका लागि हो। यो पुस्तक देवनागरी लिपिका सबै वर्ण र मात्रा सिकिसकेका बालबालिकाको स्वतन्त्र पठनका लागि तयार पारिएको हो। पढाइ सीपको विकास गर्नका लागि यस पुस्तकलाई शिक्षकले नयाँ शब्द सिकाउन, नमुना पठन गर्न र बोध शिक्षणका लागि प्रयोग गर्न सक्नेछन्।

The End